www.pradeshdaily.com

म.जि.प्र.का.दर्ता नं.-११५

# प्रदेश

Pradesh National Daily

राष्ट्रिय दैनिक

वर्ष १३, अङ्क:-५७, २०८१ भदौ २६ गते बुधबार (Wednesday, 11 September 2024), पृष्ठ-४, मूल्य रू.३/-

पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

➪पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
➪स्रोतमा बाढी, धमिलो तथा वर्षातको पानी छिर्न नदिऔं ।
➪खानेपानीको मुहान तथा स्रोतमा गाईबस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
➪पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने टंकी समयसमयमा सफा गरौं ।
➪घर तथा सार्वजनिक स्थलका पानी टंकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## राजनीतिक भागबण्डा नमिल्दा प्रादेशिक संरचना नेतृत्वविहीन

♦प्रदेश दैनिक

हेटौंडा/ सत्तारुढ दलभित्र भागबण्डा नमिल्दा प्रदेश सरकार सञ्चालन गर्न महत्वपूर्ण मानिएका प्रादेशिक संरचना अहिले नेतृत्वविहीन अवस्थामा रहेको छ । कांग्रेस-एमालेको संयुक्त गठनबन्धनको सरकार निर्माण भएको करिब दुई महिना पुग्नै लाग्दा आधा दर्जनभन्दा धेरै प्रादेशिक संरचना नेतृत्वविहीन अवस्थामा रहेको छ । सरकारलाई मार्ग निर्देशन गर्ने र नीति तथा कार्यक्रम पूर्णरुपमा लागू गर्ने प्रदेश नीति तथा योजना आयोग, प्रदेश लोक सेवा आयोग, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश खेलकुद विकास परिषद्, र प्रदेश दुग्ध विकास बोर्डको कार्यकारी प्रमुख पद रिक्तहुँदा उल्लेख्य सपलता हासिल गर्न सरकार चुकिरहेको छ ।



पटक/पटक प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले छिट्टै प्रादेशिक संरचनाले नेतृत्व प्राप्त गर्ने दावी गर्दै आएपनि हालसम्म यसविषय अगाडि बढ्न सकेको छैन । राजनीतिक नियुक्ती हुने यस पदहरुमा सत्तारुढ दलवीच अहिलेसम्म भागबण्डाको विषयमा छलफल भएको छैन । जसको कारण कार्यकारी प्रमुख नियुक्ती प्रक्रिया अगाडि नबढेको हो । तत्कालिन शालिकराम जम्कट्टेल नेतृत्वको सरकार परिवर्तन भएसँगै रिक्त रहेको प्रदेश योजना आयोगको उपाध्यक्ष पदमा नयाँ सरकार गठनको दुई महिना पुग्नै लाग्दा समेत सरकारले नियुक्ति गर्न सकेको छैन । सरकारको आगमी मन्त्रिपरिषद्को वैठकले योजना आयोगको उपाध्यक्ष नियुक्त गर्ने सम्भावना रहेको बुझिएको छ ।

बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले अब बस्ने मन्त्रिपरिषद्को वैठकले महत्वपूर्ण स्थानमा आवश्यक नियुक्त गर्ने जनाए । उनका अनुसार केही दिनभित्रमा मन्त्रिपरिषद्को वैठक बस्दैछ ।'अब एक/दुईदिनमा मन्त्रिपरिषद्को वैठक बस्छ । यसले आवश्यकता अनुसार राजनीतिक नियुक्त गर्नेछ ।', उनका अनुसार नियुक्तको विषमया अनौपचारिक छलफल सत्तारुढ दलवीच भइकृको छ ।

फागुनदेखि प्रदेश लोक सेवा आयोग अध्यक्षविहीन छ । प्रदेश लोक सेवा आयोग ऐनमा आयोगको अध्यक्ष र सदस्य नियुक्त भएको मितिले ६ वर्ष पदावधि हुने व्यवस्था छ भने ऐनको दफा ६ को -ख) मा अध्यक्ष वा सदस्यको उमेर ६५ वर्ष पूरा भएमा पदबाट अवकाश हुने व्यवस्था छ । आयोगका अध्यक्ष सुरेशमान श्रेष्ठले उमेर हदका कारण अवकाश लिएसँगै अध्यक्ष पद रिक्त भएको हो । आयोगका पदाधिकारीमा हाल २ सदस्यमात्र छन् ।

वैशाख ६ गतेदेखि प्रदेश दुग्ध विकास बोर्ड नेतृत्वविहीन अवस्थामा रहेको छ । गतवैशाख ६ मा तत्कालीन उपाध्यक्ष टीकाबल्लभ सापकोटाको उपचारको क्रममा निधन भएपछि पद रिक्त भएको हो । २०७७ असोज २७ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले बोर्ड उपाध्यक्षमा सापकोटालाई नियुक्त गरेका थिए । ४ वर्षे कार्यकालका रहेको उक्त पदमा सापकोटाले पूरा अवधि काम गर्न पाएनन् ।

असार २४ देखि प्रदेश खेलकुद विकास परिषद् नेतृत्वविहीन अवस्थामा रहेको छ । तत्कालीन सदस्यसचिव सूर्यलाल भण्डारीको ५ वर्षे कार्यकाल गत असार २३ गते सकिएपछि प्रदेश खेलकुद विकास परिषद् नेतृत्वविहीन भएको हो । हाल निमित्त सदस्यसचिवको रुपमा बद्रीबहादुर पाठकलाई तोकिएको छ । परिषद्को सदस्यसचिव नियुक्तिमा कानुनी समस्या पनि देखिएको छ । प्रदेश खेलकुद विकास ऐन २०७५ को दफा ३ को उपदफा २ -क) अनुसार परिषद्को अध्यक्ष सामाजिक विकासमन्त्री हुने भनिएको छ । प्रदेशमा सामाजिक विकास मन्त्रालयबाट युवा तथा खेलकुद मन्त्रालयको विभाग अलग गरी छुट्टै मन्त्रालय निर्माण भइसकेको छ । जसका कारण व्यावहारिक रूपमा यसको जिम्मेवारी खेलकुद मन्त्रालय मातहत र हनुपर्ने हो । तर, कानुनी व्यवस्थाका कारण परिषद्को अध्यक्ष खेलकुदमन्त्री हुन सक्ने अवस्था छैन । मन्त्रालयले सदस्य सचिव नियुक्तीका लागि कानुनी जटिलतालाई फकाउने काम गर्न लागेको खेलकुद मन्त्री मीनकृष्ण महर्जनले जानकारी दिए ।

साउन १५ देखि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति पद रिक्त रहेको हो । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपतिसहित रजिस्ट्रार र संयोजक पद रिक्त छ । गत २०७७ साउन १६ मा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको सरकारले प्रतिष्ठानको उपकुलपतिमा डा. विश्वराज जोशीलाई नियुक्त गरेका थिए । ४ वर्षे कार्यकाल पूरा गरी डा. जोशी गत साउन १५ मा बिदा भइसकेका छन् ।

उनीसँगै भदौ १४ मा प्रतिष्ठानका रजिस्ट्रार राजेश प्रसाईं र संयोजक चिरञ्जीवी चुँडाल पनि कार्यकार पूरा गरी बिदा भइसकेका छन् । ती पद रिक्त हुँदा प्रतिष्ठानको प्रशासनिक कार्य सञ्चालन शिक्षाध्यक्षको भरमा चल्दै आएको छ । उपकुलपति नहुँदा नीतिगत निर्णय तथा अन्य महत्त्वपूर्ण कार्य प्रभावित भएको छ भने रजिस्ट्रार र संयोजक नहुँदा प्रशासनिक तथा व्यवस्थापकीय कार्य प्रभावित भएको छ । अस्पताल व्यवस्थापन, नयाँ कार्यक्रमलगायतका विषय पनि प्रभावित भएको छ ।

## हेटौंडामा एक महिनामा चारकरोड ५० लाख राजस्व संकलन

♦प्रदेश दैनिक

हेटौंडा/ मकवानपुरको हेटौंडा उपमहानगरपालिकाले पछिल्लो एक महिनाको अवधिमा चार करोड ५० लाख १४ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।



उपमहानरले चालु आार्थिक वर्ष २०८१-०८२ को साउन महिनामा रो र कम बराबरको राजस्व संकलन गरेको उपमहानगरपालिकाका राजस्व शाखाका प्रमुख मनोज सुवेदीले जानकारी दिए । उनका अनुसार, उपमहानगरले सम्पत्ति करबाट रु एक करोड ४४ लाख ८५ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट रु एक करोड १८ लाख ७५ हजार, घरबहाल करबाट रु ५० लाख ६५ हजार, सिफारिस दस्तुरबाट रु ३३ लाख ४० हजार राजस्व संकलन गरेको छ । यसैगरी, उपमहानगरले बहाल बिटोरी करबाट १८ लाख ७८ हजार रुपैयाँ, व्यवसाय करबाट ४१ लाख २१ हजार रुपैयाँ र प्रशासनिक दण्ड जरिवाना र जफतबाट पाँच लाख ९६ हजार रुपैयाँ राजस्व संकलन गरेको राजस्व शाखा प्रमुख सुवेदीले बताए ।

यो अघिल्लो आर्थिक वर्ष २०८०-०८१ को साउनको तुलनामा २५ लाख ६२ हजार रुपैयाँ कम राजस्व संकलन भएको हो । आव २०८०-०८१ को साउनमा उपमहानगरपालिकाले रु चार करोड ७५ लाख ७६ हजार राजस्व संकलन गरेको थियो ।

पछिल्लो समय करको विषयमा विवादहुँदा राजस्व संकलनमा कमी आएको बताइएको छ ।

## नारी संरक्षण केन्द्रको सामाजिक परीक्षण सम्पन्न

हेटौंडा/ गतआर्थिक बर्षमा मकवानपुर र धादिङलाई कार्यक्षेत्र बनाएका काम गरेको हेटौंडाको नारी संरक्षण केन्द्रको २४ औं साधारणसभा तथा सामाजिक परीक्षण सम्पन्न भएको छ ।

हेटौंडा-४ स्थित आफ्नै सभाहलमा भएको केन्द्रको सभारणसभा तथा परीक्षणको हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । कार्यक्रमको उद्घाटन गर्दै केन्द्रले बाल संरक्षण तथा अभिमुखिकरणमा खेलेको भूमिका महत्वपूर्ण रहेको बताइन् । गैरनाफामुलक संस्थाको रुपमा सामाजिक काममा लागेका संस्थाहरुका कारण राज्यलाई पनि सहयोग पुग्ने बताइन् । उनले भनिन् 'राज्यले सबै क्षेत्रमा ध्यान दिन सक्ने अवस्था रहँदैन त्यो अवस्थामा गैरसरकारी सस्थाको भुमिका समाज परिवर्तन महत्वपूर्ण हुन्छ ।'

केन्द्रले २०८०/८१ मा दुइ जिल्लामा गरेका कामको बारेमा जानकारी दिएको थियो । एक बर्षभित्र गरेका कामको बारेमा संस्थाका कार्यक्रम संयोजक जोरोम घलानले प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले प्रस्तुत गरेको प्रतिवेदन अनुसार २१ जना बालिकालाई संरक्षणमा राखेर अध्ययन गराइरहेको उल्लेख छ ।

केन्द्रका अध्यक्ष दीपाकुमारी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सामाजिक विकास मन्त्रालयका महिला विकास अधिकृत चन्द्रकुमारी व्यञ्जनकार, हेटौंडा उपमहानगपालिकाका सामाजिक विकास महशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, माइती नेपालका कार्यक्रम संयोजक माया लामा, अधिकारकर्मी शर्मिला श्रेष्ठ, केन्द्रका उपाध्यक्ष भिष्मराज सापकोटा लगाएतको आतिथ्यता रहेको थियो ।

२०५८ सालमा स्थापना भएको संस्थाले मकवानपुरका हेटौंडा उपमहानगर पालिकाको विभिन्न वडा र धादिङको रुभीभ्याली गाउँपालिकामा २०८०/८१ मा महिला हिंसाबारे सचेतना, बालगृह सञ्चालन, सीपमुलक तालिमलगायतको क्षेत्रमा काम गरेको बताइएको छ ।




## मकवानपुर जिल्लाको १० औं जिल्लासभा

हेटौंडा/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले संविधान निर्माणको क्रममा प्रमुख राजनीतिक दलहरु चुकेको दावी गरेका छून ।



संघीयतालाई कम खर्चिलो गर्ने कांग्रेसको प्रस्तावमा अरु राजनीतिक दलहरु सहमत हुन नसकेको उनको भनाइ छ । संविधान निर्माणको क्रममा प्रदेशको संख्या निर्धारण गर्ने सवालमा राजनीतिक दलहरुबीच ठूलो बहस भएको उनले बताए । जिल्ला समन्वय समिति मकवानपुरको १० औं जिल्ला सभामा बोल्दै मुख्यमन्त्री लामाले ५ वटामात्र प्रदेशको प्रस्ताव राख्दा कांग्रेसलाई संघीयता विरोधी पार्टी भनेर आरोप लागेको समेत बताए । अहिले संघीयतामाथि उठेको प्रश्न पनि त्यसैको परिणाम भएको उनको बुझाइ छ ।

मुख्यमन्त्री लामाले संविधान संशोधन अनुसन्धानको विषय बन्नुपर्ने बताए । अनुसन्धान बिना संविधान संशोधन हुँदा झन विवादित हुने उनको भनाइ छ । मुख्यमन्त्री लामाले प्रदेशको औचित्यलाई पनि पुष्टि गर्ने गरी संविधान संशोधन गर्नुपर्नेमा समेत जोड दिए । प्रादेशिक संरचनाबाट केही सुधारहरु भएपनि जनताको आकांक्षा अनुसार अझै पनि सुधार हुन नसकेको मुख्यमन्त्री लामाको भनाइ छ । मुख्यमन्त्री लामाले सुशासन कायम हुने गरी र जनताले प्रत्यक्ष अनुभुति गर्ने गरी काम गर्न पनि स्थानीय तहलाई आग्रह गरे ।

# सम्पादकीय

## लोपोन्मुख समुदायको सशक्तीकरण

हेटौंडाको मनहरी गाउँपालिकामा बसोबास गर्ने लोपोन्मुख वनकरिया समुदायका महिलाहरूले स्थानीय जडीबुटीबाट साबुन उत्पादन गरी आर्थिक उपार्जन गर्न थालेका छन् । यो पहलले नेपालका अति सीमान्तकृत समुदायहरूको सशक्तीकरण र आर्थिक समावेशीकरणको महत्वपूर्ण उदाहरण प्रस्तुत गरेको छ ।

लामो समयसम्म जंगलमा फिरन्ते जीवन बिताएका यी समुदायका महिलाहरूले आफ्नो वरिपरि पाइने प्राकृतिक स्रोतहरूको सदुपयोग गरी घरेलु उद्योग स्थापना गर्नु प्रशंसनीय छ । स्थानीय स्रोतको उपयोग गरी घिउकुमारी, तितेपाती र निमका पातबाट साबुन बनाउने यो प्रयासले दिगो विकासको अवधारणालाई पनि साकार पारेको छ । यसले वातावरणमैत्री उत्पादनको महत्व र सम्भावनालाई पनि उजागर गरेको छ । यसले स्थानीय स्रोत र सीपको उपयोग गरी आर्थिक विकास गर्न सकिने सम्भावनालाई उजागर गरेको छ । साथै, यस्ता पहलहरूले समुदायको आत्मनिर्भरता र आत्मविश्वास बढाउन मद्दत पुर्‍याउँछन् । तर, यो सफलताको कथासँगै केही गम्भीर चुनौतीहरू पनि छन् । वनकरिया समुदायसँग आफ्नो नाममा जमिन नहुनु र उनीहरू बसोबास गरिरहेको क्षेत्र राष्ट्रिय निकुञ्जभित्र पर्नु चिन्ताको विषय हो । यसले उनीहरूको दीर्घकालीन सुरक्षा र विकासमा अवरोध सिर्जना गर्न सक्छ ।

सरकार र सम्बन्धित निकायहरूले यस्ता लोपोन्मुख समुदायहरूको भूमि अधिकार सुनिश्चित गर्न तत्काल कदम चाल्नुपर्छ । उनीहरूलाई बसोबास गरिरहेकै स्थानको जग्गाको स्वामित्व दिने वा वैकल्पिक उपयुक्त स्थान उपलब्ध गराउने व्यवस्था मिलाउनु आवश्यक छ । साथै, यस्ता समुदायहरूलाई दिगो विकासको मार्गमा डोर्‍याउन केवल सामाजिक सुरक्षा भत्तामा मात्र भर पर्नु हुँदैन । उनीहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी र अन्य आधारभूत सुविधाहरूमा पहुँच बढाउने कार्यक्रमहरू संचालन गर्नुपर्छ ।

वनकरिया समुदायका महिलाहरूले देखाएको उद्यमशीलताको भावनालाई प्रोत्साहन गर्दै, सरकारले यस्ता समुदायहरूलाई थप प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउनुपर्छ । यसले उनीहरूको व्यवसायलाई विस्तार गर्न र थप रोजगारीका अवसरहरू सिर्जना गर्न मद्दत पुग्नेछ । यो पहल नेपालका अन्य लोपोन्मुख र सीमान्तकृत समुदायहरूका लागि पनि एक प्रेरणादायी उदाहरण बन्न सक्छ । सरकार, गैरसरकारी संस्थाहरू र स्थानीय समुदायहरू मिलेर यस्ता नवीन र दिगो विकासका मोडेलहरू विकास गर्न सके मात्र हामी वास्तविक रूपमा समावेशी र समृद्ध नेपाल निर्माण गर्न सफल हुनेछौं ।

अन्त्यमा, वनकरिया महिलाहरूको यो सफलताले नेपालको विकास नीतिमा सीमान्तकृत समुदायको सशक्तीकरण, स्थानीय स्रोतको उपयोग र लैंगिक समानतालाई प्राथमिकता दिनुपर्ने आवश्यकतालाई औंल्याएको छ । यस्ता पहलहरूलाई थप प्रोत्साहन र समर्थन दिई राष्ट्रिय स्तरमा विस्तार गर्न सके मात्र समावेशी र दिगो विकासको लक्ष्य हासिल गर्न सकिनेछ ।

### जरूरी टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५२२ |
| वडा प्रहरी: | ५२०२११ |
| पशुपतिनगर इलाका: | ५२०५१८ |
| पालुङ इलाका: | ६२०५६७ |
| मनहरी इलाका: | ६२१०९९ |
| फापरबारी इलाका: | ६२११८० |
| भीमफेदी इलाका: | ६२१४६२ |
| बारुणयन्त्र | ५२०६७७/१०१ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस | ५२०७११ |
| पद्मपोखरी एम्बुलेन्स: | ९८४५१८६२३१ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२२७५७२ |
| हेटौंडा अस्पताल | ५२०३०५ |
| परिवार नियोजन संघ | ५२०७८५ |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८४५०२८०६० |
| भीमफेदी रेडक्रस: | ६३०६२२ |
| पालुङ रेडक्रस | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सिविन बाल हेल्पलाइन | १०९८ |

### आजको राशीफल

| | |
|---|---|
| मेष : | मित्र भेट |
| वृष : | धन लाभ |
| मिथुन : | समयले साथ दिने |
| कर्कट: | यात्रामा लाभ |
| सिंह : | डर चिन्ता |
| कन्या : | प्रेममा सफलता |
| तुला : | सन्तान सुख |
| वृश्चिक : | पढाईमा रुची |
| धनु : | खर्च बढ्ने |
| मकर : | व्यवसायमा लाभ |
| कुम्भ : | शत्रु नाश |
| मीन : | भय |

*तपाईंको आजको दिन शुभ रहोस् ॥*

# मानसिक स्वास्थ्यलाई पहिलो प्राथमिकता दिऔं

हिमाल गैरे

अहिले विश्व जगतमा मानसिक स्वास्थ्य समस्या बढ्दो क्रममा छ, जसको प्रभावबाट नेपाल पनि अछुतो रहन सकेको छैन । राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण २०२० अनुसार कुनै पनि व्यक्ति -१० प्रतिशत वयस्क व्यक्ति) जीवनकालमा कुनै न कुनै प्रकारको मानसिक विचलनबाट गुज्रिएको छ भने ४.३ प्रतिशत बालबालिकामा कुनै न कुनै प्रकारको मानसिक विचलन भएको पाइएको छ । जसमध्ये पछिल्लो समयमा आत्महत्याको संख्याले पनि यसतर्फ सबैले प्राथमिकताका साथ काम गर्नुपर्ने कुरालाई संकेत गर्दछ ।

दिगो विकास लक्ष्य अन्तर्गतको सुस्वास्थ्य तथा समृद्ध जीवनमा उल्लेख भए अनुसार नेपालले सन् २०३० सम्म आत्महत्याको दरलाई प्रति १ लाख जनसंख्यामा ४.२ मा झार्ने लक्ष्य लिएको छ । तर प्राप्त घटनाहरूको विश्लेषण गर्ने हो भने अहिले नेपालमा सरदर २० जनाको आत्महत्याका कारण मृत्यु भएको पाइन्छ । नेपाल प्रहरीको तथ्यांक अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा मात्रै ७ हजार २२३ व्यक्तिहरूको ज्यान आत्महत्याको कारणले गएको छ ।

यसको विश्लेषण गर्ने हो भने यसरी नेपालमा दैनिक सरदर २० जनाको आत्महत्याको कारण मृत्यु हुन्छ । आ.व. २०८०/८१ मा प्रति लाखमा करिब २५ जनाले आत्महत्याको कारणबाट ज्यान गुमाएको नेपाल प्रहरी तथ्यांकले देखाउँछ । अर्थात् आ.व. २०८०/८१ मा प्रति लाखमा २५ जनाले आत्महत्याका कारण ज्यान गुमाएका छन् । अनुसन्धानका अनुसार हरेक एक आत्महत्या पछाडि २० देखि २५ असफल प्रयास भएका हुन्छन्, जुन यस डाटामा आएको हुँदैन । नेपालमा अकालमा मृत्यु हुने यो नै प्रमुख कारण मानिन्छ ।

छिटो-छिटो समाचार सम्प्रेषण गर्ने होडबाजीमा आत्महत्या गर्ने व्यक्तिको पहिचान तथा कसरी आत्महत्या गरिएको हो, त्यसको बारेमा सूचना, जानकारी राख्नुको सट्टा समाचार सम्प्रेषण गरेको पाइन्छ ।

कुनै पनि विषयमा लेखेको लेख तथा समाचारकै कारणले व्यक्तिमा सकारात्मक तथा नकारात्मक दुवै प्रभाव पर्ने भएकोले समाचारका कारणले असहज अवस्थामा रहेका व्यक्तिलाई त्यसले कसरी प्रभाव पार्दछ भन्ने कुराको हेक्का गर्नुपर्ने अवस्था रहेको छ । आज 'आत्महत्या रोकथाम बारे संवाद सुरु गरौं, दृष्टिकोण बदलौं' भन्ने मूल नाराका साथ विश्व आत्महत्या दिवस मनाइराख्दा यसमा सञ्चारकर्मीको भूमिका बारे यो लेखमा चर्चा गरिनेछ ।

आत्महत्याको प्रयास गरेका, जो बाँचेर राम्रा काम गर्नेहरूको सफलताका कथाहरू लेख्दा जटिल मनोभावका सिकार बनिरहेका, जीवनदेखि हार खाएका व्यक्तिहरूलाई बाँच्नको लागि प्रेरित गर्दछ।

२०८१ वैशाख ३० गते बिहान सल्यानको वनगाड कुपिण्डे नगरपालिकामा ३४ वर्षीय एक व्यक्तिले आफ्नी श्रीमतीको हत्या गरी आफूले पनि आत्महत्या गरे । तीन बालबालिका प्रत्यक्षदर्शी भएको बीभत्स उक्त घटनाको एक दिनपछि केही सञ्चार कर्मी 'एक्सक्ल्यूसिभ न्यूज' बनाउने होडमा त्यहाँ पुग्छन् र उक्त घटनाको नालीबेली आफ्नो मिडिया मार्फत प्रस्तुत गर्दछन् । अबोध बालकसँग 'बाइट' लिएर समाचार लाई पूर्णता दिन्छन् ।

धेरैले उक्त समाचार हेर्छन् । लाइक, कमेन्ट र सेयर पनि उल्लेख्य हुन्छ । तर उक्त घटना घटेको केही दिनपछि छिमेकी गाउँपालिकाको सिद्धकुमाखमा उस्तै प्रकृतिको घटना घट्छ । श्रीमतीको हत्या गरी आफूले आत्महत्या गरेको घटना २०८१ जेठ १ गते पुनः पुनरावृत्ति हुन्छ ।

यी दुई प्रतिनिधिमूलक तर कारुणिक




घटना हुन् जसले त्यस क्षेत्र आसपासका जनमानसलाई त्रसित मात्रै बनाएको छैन, यस प्रकृतिको समाचार लेख्ने पत्रकारलाई पनि चुनौती थपेको छ ।

मूलतः हाम्रो समाचार लेखन केका लागि हो ? आम जनतालाई सुसूचित गर्ने वा घटनालाई थप प्रश्रय दिने ? दुवै घटनाको मूल कारणमा मानसिक स्वास्थ्य समस्या जोडिएको भए पनि यसले उस्तै मनोभावसँग गुज्रिएका व्यक्तिहरूलाई वा मानसिक रूपमा विक्षिप्त भई के गरौं, कसो गरौं भनेर मनोवैज्ञानिक समस्यामा परेका व्यक्तिलाई समाधानका रूपमा यस्ता घटना घट्नका लागि प्रेरित गर्ने विज्ञहरू बताउँछन् ।

'निश्चय नै, यस्ता समाचार जसले सूचना प्रदान गर्ने भन्दा पनि घटना कसरी घट्यो भन्ने बारेमा समाचार बनाइँदा यसले मानसिक स्वास्थ्य समस्यामा परेर जोखिममा रहेका व्यक्तिलाई घटना घटाउन प्रेरित गर्छ' मानसिक अस्पताल, लगनखेलमा कार्यरत वरिष्ठ कन्सल्टेन्ट साइक्याटिष्ट डा. वासुदेव कार्की भन्छन् । उनले अझ आत्महत्याको समाचार लेख्नुपूर्व थप सजगता हुनुपर्ने सुझाए ।

विभिन्न अनुसन्धानका अनुसार झण्डै ९५ प्रतिशत व्यक्तिहरू जसले आत्महत्याको प्रयास वा आत्महत्या गर्छन्, उनीहरूमा मानसिक समस्या रहेको हुन्छ । तीमध्ये ८० प्रतिशतमा उदासीनता, १० प्रतिशतमा साइकोसिस, ५ प्रतिशतमा डिमेन्सिया, डेलिरियम र लागूपदार्थ सम्बन्धी समस्या रहेका छन् ।

त्यसैगरी, सामान्य व्यक्तिहरूको तुलनामा मानसिक समस्या भएका व्यक्तिहरूमा आत्महत्याको जोखिम ३ देखि १२ गुणा बढी रहेको हुन्छ । यस्ता बीभत्स घटना घट्नुका पछाडि कुनै न कुनै रूपमा मानसिक स्वास्थ्य समस्याले प्रभावित बनाएको भएतापनि हामीले घटनामा के के भयो भनेर जानकारी गराउनु भन्दा कारण र सोको निवारण समाचारको प्राथमिकता बन्नुपर्दछ ।

आत्महत्याको रोकथाममा सञ्चार कर्मीहरूको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ । आत्महत्याका घटनाको उचित सम्प्रेषणले आत्महत्याको जोखिममा रहेका व्यक्तिको ज्यान जोगाउन मद्दत पुग्न सक्छ भने गलत सम्प्रेषणले त्यस्ता व्यक्तिलाई दुरुत्साहन गरी त्यस्ता घटना बढाउन सक्छ

भेरी अस्पताल, नेपालगञ्जमा कार्यरत मनोसामाजिक परामर्शकर्ता कमला डाँगीको सुझाव छ, 'बरु आत्महत्याको प्रयास गरेका, जो बाँचेर राम्रा काम गर्नेहरूको सफलताका कथाहरू लेख्दा जटिल मनोभावका सिकार बनिरहेका, जीवनदेखि हार खाएका व्यक्तिहरूलाई बाँचनको लागि प्रेरित गर्दछ ।'

माथि उल्लिखित समाचारहरूले सहानुभूति बटुल्दै परिवारजनलाई केही सहयोग जुटाउँला भन्ने अभिप्राय पत्रकारमा रहन सक्छ । तर सहयोग जुटाउने क्रममा हामीले जानी नजानी मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति वा विक्षिप्त मनोभावले आक्रान्त व्यक्तिलाई यस्ता ठूला एवं जघन्य प्रकृतिका घटना घटाउन वा आत्महत्याका घटनालाई प्रोत्साहन त गर्दै छैनौं, विचारणीय समय भने आएकै हो ।

विज्ञहरूका अनुसार, आवेशमा गरिने घटना बाहेक यस्ता घटना घट्नुपूर्व व्यक्तिले कुनै न कुनै सन्देश वा सूचना दिएको हुन्छ । त्यसलाई पहिचान गर्न नसक्नु परिवारका सदस्य, छिमेकी वा प्रियजनको कमजोरी हुन आउँछ ।

२०८१ जेठ १ मा दोस्रो घटना घट्नुअघि नै 'अब यस गाउँमा २०८१ वैशाख ३० गतेको जस्तो घटना घट्छ' भनेर सूचना दिइएको भए पनि त्यसमा चासो दिइएन वा गम्भीर भइएन । तर, २०८१ वैशाख ३० गतेको उक्त घटना समाचारमा हेरेदेखि नै निज व्यक्ति दुई दिनदेखि घर बाहिर ननिस्किएको र उक्त घटनाबारे अरूसँग कुरा गर्ने गरेको स्थानीयले बताएका थिए ।

विज्ञहरूका अनुसार, प्रत्येक आत्महत्याको पछाडि २० देखि २५ पटक असफल प्रयास हुन्छ भने प्रत्येक एक आत्महत्याका कारणले कम्तीमा १३५ जनालाई प्रत्यक्ष असर पारेको हुन्छ ।

पत्रकार हुनुका नाताले हामीले बुझ्नुपर्ने भनेको घटना वा आत्महत्या लगायत समाचारलाई कम प्राथमिकता दिँदै सोको कारण, सकारात्मक र आशलाग्दा समाचार, आत्म हानि गर्न खोजेका तर संघर्षशील अवस्थाबाट सफल भएका व्यक्तिहरूका सफलताका कथालाई प्राथमिकता दिनुपर्ने डा. कार्कीले सुझाए ।

> **आत्महत्याको प्रयास गरेका, जो बाँचेर राम्रा काम गर्नेहरुको सफलताका कथाहरु लेख्दा जटिल मनोभावका सिकार बनिरहेका, जीवनदेखि हार खाएका व्यक्तिहरुलाई बाँच्नको लागि प्रेरित गर्दछ ।**

डा. कार्कीको भनाइ छ, 'अनिवार्य छ भने मात्रै यस्ता समाचार लेख्ने, वा लेख्नैपर्ने भए पनि अतिरञ्जित नहुने गरी कारण खुलाउनका लागि नलेख्ने, सकेसम्म यस्ता फ्रन्ट पेजमा वा मुख्य समाचारका रूपमा स्थान नदिने, घटनाको विस्तृत जानकारी भन्दा पनि हरेक समाचारमा सूचना मात्रै होइन व्यवहार परिवर्तनका कुराहरूलाई समेत प्राथमिकता दिन सकिन्छ भन्ने सन्देश दिने लगायतका स-साना तर संवेदनशील भई पत्रकारले रिपोर्टिङ गर्दा मानसिक स्वास्थ्यलाई स्थापना गर्न मद्दत गर्दछ ।'

**आत्महत्या रोकथाममा सञ्चार कर्मीको भूमिका**

आत्महत्याको रोकथाममा सञ्चार कर्मीहरूको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ । आत्महत्याका घटनाको उचित सम्प्रेषणले आत्महत्याको जोखिममा रहेका व्यक्तिको ज्यान जोगाउन मद्दत पुग्न सक्छ भने गलत सम्प्रेषणले त्यस्ता व्यक्तिलाई दुरुत्साहन गरी त्यस्ता घटना बढाउन सक्छ । व्यक्तिले के कारणले आत्महत्या गर्‍यो र के-के गरेको भए बचाउन सकिने थियो भन्ने बारेमा समचार प्रस्तुत गरी जनचेतना फैलाउन सकिन्छ ।

आशा जगाउने खालका, आत्महत्या प्रयास गरी बाँचेकाहरूको समाचारहरू प्रसारण गर्ने लगायतका कामले पनि यस्ता घटना न्यूनीकरणमा भूमिका खेल्छ ।

अतः सञ्चारमाध्यममा यस्ता घटनालाई छिटो कभर गर्ने होडमा, प्रायः संवेदनशील प्रत्यक्षदर्शीहरूलाई संलग्न गराउँदा धेरै ध्यान तानिए पनि अतिरञ्जित रिपोर्टिङले पुर्‍याउने सम्भावित क्षति ठूलो हुन सक्छ ।

यस्ता प्रकारका घटना घटाउने, हिंसात्मक कार्य गर्ने वा आत्महत्याका घटनाहरूको यति विस्तृत कभरेजले मानसिक स्वास्थ्य समस्या भएका, मनोसामाजिक समस्यामा परेका वा असहज परिस्थितिबाट गुज्रिरहेका व्यक्तिहरूलाई नक्कल गर्न उत्प्रेरित गर्न सक्ने खतरा रहन्छ ।

यसअर्थमा, समाचार सम्प्रेषण गर्दा मानसिक स्वास्थ्य समस्याहरू यी घटनाहरूको मूल कारण भए पनि, सञ्चार माध्यमको ध्यान केवल घटना रिपोर्टिङमा सीमित नराखी त्यसका कारणहरूको समाधान खोज्नमा केन्द्रित भए त्यसले समाजलाई नै सकारात्मक उन्मुख बनाउँछ ।

कुनै पनि नकारात्मक समाचार प्रकाशित वा प्रसारण गर्दा विषय उठान हुन्छ, त्यसले निर्णायक स्तरमा समेत दबाब दिन्छ । तर, यस्ता समाचारले मनोवैज्ञानिक रूपमा दबाबमा परेका व्यक्तिहरूलाई भने अप्रिय दुर्घटना घटाउनलाई प्रश्रय दिन्छ, थप बल प्रदान समेत गर्छ ।

नेपालले विश्व समुदायमा गरिएका प्रतिबद्धताको पालन गर्न वा उक्त लक्ष्य हासिल गर्नका निम्ति योगदान पुर्‍याउनु नागरिक कर्तव्य हुन आउँछ ।

त्यसमा पनि राज्यको चौथो अंग भएका हिसाबले जिम्मेवार पत्रकारिता मार्फत दिगो विकास लक्ष्य प्राप्त गर्न र आमनागरिकको मानसिक स्वास्थ्य स्थापनार्थ मानसिक स्वास्थ्यका विषयलाई प्राथमिकता दिनु अहिलेको आवश्यकता हो । मानसिक स्वास्थ्यलाई राज्यले प्राथमिकताका साथ लिने नीतिगत व्यवस्था भएतापनि त्यसको प्रभावकारी कार्यान्वयन हुनसकेको छैन ।

मानसिक स्वास्थ्यका कारण जटिल आर्थिक अवस्थाको सामना गरिरहेका, विविध संघर्ष गरिरहेका व्यक्तिहरूको पुनरुत्थानका कथाहरूलाई प्राथमिकता दिन सकिन्छ भने थप घटनाहरूलाई रोक्न र मानसिक स्वास्थ्य सम्बन्धी सचेतना फैलाउन महत्वपूर्ण भूमिका खेल्न संवेदनशील पत्रकारिताले सहयोग पुर्‍याउँदछ । जसले गर्दा यस्ता घटनाको जिम्मेवार र संवेदनशील रिपोर्टिङको महत्व अझ बढेर जान्छ ।

स्रोत: अनलाइनखबर

# कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०५/२६ (प्रदेश राष्ट्रिय दैनिक)

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित शाखा कार्यालयहरूबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रूपमा साँवा ब्याज बुझाँउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता -साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक लिखित तथा मौखिक रूपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको, केही ऋणीको हकमा अन्तिम भुक्तानी मिति समेत समाप्त भईसकेको तथा कर्जा लिंदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझाँउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझाँउनु हुन जानकारी गराईन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन-२०७९ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा लिलाम विक्रि समेत गरी असुली उपर गरिने र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०७९ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने ब्यहोरा जानकारी गर्दछौं ।

तपशिलः

| क्र.सं | ऋणी तथा एकल/धनजमानीको नाम, थर, ना.प्र.नं, स्थायी ठेगाना र धितोमा रहेको जग्गाको विवरण |
|---|---|
| | **शाखा कार्यालय : बिरूवागुठी, पर्सा** |
| १. | ऋणीको नाम : शोभा देवी, पिता/पतिको नाम : बृजु हजरा दुसाद, बाजे/ससुराको नाम : कैलास हजरा दुसाध, स्थायी ठेगाना : बिरगंज-३१, पर्सा, ना.प्र.नं : ३४-०१-७५-०३५६६, कर्जाको शीर्षक : साधारण एकलजमानीको नाम : बृजु हजरा दुसाद, पिता/पतिको नाम : कैलास हजरा दुसाध, स्थायी ठेगाना : बेलवा-८, पर्सा, ना.प्र.नं : ३४-०१-७१-१०१६१ |
| २. | ऋणीको नाम : जमिला खातुन, पिता/पतिको नाम : समसुदिन अंसारी, बाजे/ससुराको नाम : महमद सहिद, स्थायी ठेगाना : वेलवा-२, पर्सा, ना.प्र.नं : १७७, कर्जाको शीर्षक : साधारण/आकस्मीक, एकलजमानीको नाम : कोशिला देवी, पिता/पतिको नाम : जितेन्द्र हजरा, बाजे/ससुराको नाम : परशुराम हजरा दुसाद, स्थायी ठेगाना : चोर्नी-८, पर्सा, ना.प्र.नं : ३४-०१-७२-०७२२६ |
| ३. | ऋणीको नाम : रिता देवी, पिता/पतिको नाम : अनिल किशोर प्रसाद यादव, बाजे/ससुराको नाम : ब्रहम्देव राउत, स्थायी ठेगाना : पर्सागढी-५, पर्सा, ना.प्र.नं : ३४-०१-७४-०२८६७, कर्जाको शीर्षक : साधारण/आकस्मीक<br>एकलजमानीको नाम : अनिल किशोर प्रसाद यादव, पिता/पतिको नाम : ब्रहम्देव राउत, स्थायी ठेगाना : वागेश्वरी तित्रौना-९, पर्सा, ना.प्र.नं : ३४-९४४९१५१८ |
| ४. | ऋणीको नाम : संगिता देवी कुर्मी, पिता/पतिको नाम : राजेश्वर प्रसाद कुर्मी, बाजे/ससुराको नाम : विश्वराज प्रसाद कुर्मी, स्थायी ठेगाना : विरूवागुठी-७, पर्सा, ना.प्र.नं : ३४१०२३/१३९५, कर्जाको शीर्षक : साधारण<br>एकलजमानीको नाम : राजेश्वर प्रसाद कुर्मी, पिता/पतिको नाम : विश्वराज प्रसाद कुर्मी, स्थायी ठेगाना : विरूवागुठी-७, पर्सा, ना.प्र.नं : ३४१५८८४४१३ |
| ५. | ऋणीको नाम : जैनब खातुन, पिता/पतिको नाम : शेष समसुदिन, बाजे/ससुराको नाम : शेष हजरत, स्थायी ठेगाना : वेलवा-२, पर्सा, ना.प्र.नं : ३४-०१-७०-१०४४२, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : शेष समसुदिन, पिता/पतिको नाम : शेष हजरत, नाम : स्थायी ठेगाना : वेलवा-२, पर्सा, ना.प्र.नं : ३४-०१-७०-०८८१३ |
| ६. | ऋणीको नाम : मुन्नी खातुन, पिता/पतिको नाम : भोला मियाँ, बाजे/ससुराको नाम : महमद सहिम मिया, स्थायी ठेगाना : चोर्नी-८, पर्सा, ना.प्र.नं : ३४-०१-७०-०१०९४, कर्जाको शीर्षक : साधारण, एकलजमानीको नाम : महमद प्रवेज आलम, पिता/पतिको नाम : भोला मियाँ, बाजे/ससुराको नाम : महमद सहिम मिया, स्थायी ठेगाना : चोर्नी- ८, पर्सा, ना.प्र.नं : ३४-०१-७०-०६६०४ |
| ७. | ऋणीको नाम : ममता देवी थरूनी, पिता/पतिको नाम : रामजन्म धामी, बाजे/ससुराको नाम : धनइ धामी, स्थायी ठेगाना : बागवाना-५, पर्सा, ना.प्र.नं : ३४३००५/६२७, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : रामजन्म धामी, पिता/पतिको नाम : धनइ धामी, स्थायी ठेगाना : बागवाना-५, पर्सा, ना.प्र.नं : ३४३००५/४३६ |
| ८. | ऋणीको नाम : मिना देबी यादब, पिता/पतिको नाम : बैजनाथ प्रसाद यादब, बाजे/ससुराको नाम : देउकी राउत अहिर, स्थायी ठेगाना : हरपुर-६, पर्सा, ना.प्र.नं : ३४-०१-६९-०१२९४, कर्जाको शीर्षक : साधारण/ आकस्मीक<br>एकलजमानीको नाम : लछुमन प्रसाद यादब, पिता/ पतिको नाम : गौरी शंकर राउत, स्थायी ठेगाना : हरपुर-६, पर्सा, ना.प्र.नं : ३४ ३६६४२८३१ |
| ९. | ऋणीको नाम : सुमिन्तर देवी अहिर, पिता/ पतिको नाम : सिकन्दर राउत, बाजे/ससुराको नाम : शिव दयाल राउत, स्थायी ठेगाना : हरपुर-६, पर्सा, ना.प्र.नं : ३६६४२१२९, कर्जाको शीर्षक : साधारण/ आकस्मीक<br>एकलजमानीको नाम : निपुन प्रसाद यादव, पिता/पतिको नाम : विर बहादुर अहिर, स्थायी ठेगाना : हरपुर-६, पर्सा, ना.प्र.नं : ३४-०१-७२-०३८३५ |
| १०. | ऋणीको नाम : रामकुमारी देवी अहिरीन, पिता/पतिको नाम : केदार राउत अहिर, बाजे/ससुराको नाम : जानकी राउत, स्थायी ठेगाना : हरपुर- ६, पर्सा, ना.प्र.नं : ३४१०३६/५३, कर्जाको शीर्षकःसाधारण, एकलजमानीको नाम : केदार राउत, पिता/पतिको नाम : जानकी राउत, स्थायी ठेगाना : हरपुर-६, पर्सा, ना.प्र.नं : ३४ ३६६४०६८१ |
| ११. | ऋणीको नाम : मुनी देवी, पिता/ पतिको नाम : अशोक यादब, बाजे/ससुराको नाम : मोति राउत अहिर, स्थायी ठेगाना : बैरिया विर्ता दा.पु-४, पर्सा, ना.प्र.नं : ३४-०१-६९-०३१६९, कर्जाको शीर्षक : साधारण/आकस्मीक, एकलजमानीको नाम : रमुनी देबी, पिता/पतिको नाम : श्री राउत अहिर, बाजे/ससुराको नाम : जानकी राउत, स्थायी ठेगाना : हरपुर-६, पर्सा, ना.प्र.नं : ३४-०१-७०-०१०९३ |
| १२. | ऋणीको नाम : गान्धी देवी थरूनी, पिता/पतिको नाम : सतिलाल राय थारू, बाजे/ससुराको नाम : प्रमेश्वर राय थारू, स्थायी ठेगाना : माहादेवपटी-६, पर्सा, ना.प्र.नं : ३४५७२९१३८५, कर्जाको शीर्षक : आशा उद्यमशिलता, एकलजमानीको नाम : प्रकाश राय थारू, पिता/पतिको नाम : सतिलाल राय थारू, बाजे/ससुराको नाम : प्रमेश्वर राय थारू, स्थायी ठेगाना : माहादेवपटी-६, पर्सा, ना.प्र.नं : ३४१०४९/७७, धितोमा रहेको जग्गाको विवरण : जग्गाधनीको नाम थर : गान्धी देवी थरूनी, जग्गाको ठेगाना : नगवा-४, पर्सा, कि.न. : १३३४, जग्गाको क्षेत्रफल : ०-०-६-७ -१०९ व.मी.) |
| १३. | ऋणीको नाम : बिन्ता कुमारी धामी, पिता/पतिको नाम : चन्द्र किशोर, बाजे/ससुराको नाम : राम दास थारू, स्थायी ठेगाना : सखुवा प्रसौनी-१, पर्सा, ना.प्र.नं : ३४-०१-७४-०६६०२, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : चन्द्र किशोर, पिता/पतिको नाम : राम दास थारू, स्थायी ठेगाना : मधुवन मथौल-६, पर्सा, ना.प्र.नं : ३४३०४८/४६३ |
| १४. | ऋणीको नाम : गीता देवी, पिता/पतिको नाम : रामजस प्रसाद यादब, बाजे/ससुराको नाम : जोगेन्द्र राउत अहिर, स्थायी ठेगाना : हरपुर-६, पर्सा, ना.प्र.नं : ३६६४२५४०, कर्जाको शीर्षक : साधारण, एकलजमानीको नाम : रामजस प्रसाद यादब, पिता/पतिको नाम : जोगेन्द्र राउत अहिर, स्थायी ठेगाना : हरपुर-६, पर्सा, ना.प्र.नं : ३४ ३६६४३१८७ |
| १५. | ऋणीको नाम : जलपी देवी, पिता/पतिको नाम : बलिराम महतो थारू, बाजे/ससुराको नाम : रूपा महतो थारू, स्थायी ठेगाना : वागवाना-७, पर्सा, ना.प्र.नं : ३४३००५/५५, कर्जाको शीर्षक : साधारण/आकस्मीक<br>एकलजमानीको नाम : बलिराम महतो थारू, पिता/पतिको नाम : रूपा महतो थारू, स्थायी ठेगाना : वागवाना-७, पर्सा<br>ना.प्र.नं : ३४ ०४३१२६३८ |

| क्र.सं. | ऋणी तथा एकल/धनजमानीकर्ताहरूको नाम, थर, ठेगाना तथा नागरिकता प्रमाणपत्र नं. विवरण |
|---|---|
| | **शाखा कार्यालय : वस्तिपुर, मकवानपुर** |
| १६. | ऋणीको नाम : डिल माया घर्ती, पति/पिताको नाम : राज कुमार भुजेल, बाजे/.ससुराको नाम : परमेश्वर भुजेल, स्थायी ठेगाना : चुरीयामाई-१, मकवानपुर, ना.प्र.नं : ३११०१५/६१९३८, कर्जाको शीर्षक : साधारण |
| १७. | ऋणीको नाम : माया देवी गौतम, पति/पिताको नाम : दिनेश बन्जरा, बाजे/ससुराको नाम : पदमलाल बन्जरा, स्थायी ठेगाना : ठोरी-८, पर्सा, ना.प्र.नं : २००५४, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : दिनेश बन्जरा, पति/पिताको नाम :पदमलाल बन्जरा, बाजे/ससुराको नाम : कृष्णलाल बन्जरा, स्थायी ठेगाना : म.गडी-६, मकवानपुर, ना.प्र.नं : ११/२०१ |
| १८. | ऋणीको नाम : सुनिता कुमारी लामा, पति/पिताको नाम : प्रमोद श्रेष्ठ, बाजे/ससुराको नाम : पुर्ण बहादुर श्रेष्ठ, स्थायी ठेगाना : निजगढ-७, बारा, नागरिकता नं. : ३३३०११/२३३६, कर्जाको शीर्षक : लघु उधम |
| | **शाखा कार्यालय : भरतपुर, चितवन** |
| १९. | ऋणीको नाम : बिष्णु कुमारी कार्कि, पिता/पतिको नाम : सुक बहादुर सार्कि, बाजे/ससुराको नाम : गद्दे सार्कि, स्थायी ठेगाना : पटिहानी-४, चितवन, ना.प्र.नं : ९६६/०४४, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : खिम बहादुर कार्की, पिता/पतिको नाम : चित्र बहादुर कार्कि, बाजे/ससुराको नाम : हस्त बहादुर कार्कि, स्थायी ठेगाना : पटिहानी-४, चितवन, ना.प्र.नं : ९६७/०४४ |
| २०. | ऋणीको नाम : मैया बि.क., पिता/पतिको नाम : राम बहादुर बि.क., बाजे/ससुराको नाम : मन बहादुर बिश्वकर्मा, स्थायी ठेगाना : पटीहानी-१, चितवन, ना.प्र.नं : ३१०३/०३४ कर्जाको शीर्षक : साधारण |
| २१. | ऋणीको नाम : शिब कान्ती चौधरी, पिता/पतिको नाम : बिक्रम चौधरी, बाजे/ससुराको नाम : जनक प्रसाद चौधरी, स्थायी ठेगाना : कठार-६, चितवन, ना.प्र.नं : ९७०९, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : बिक्रम चौधरी, पिता/पतिको नाम : जनक प्रसाद चौधरी, बाजे/ससुराको नाम : आशाराम चौधरी, स्थायी ठेगाना : कठार-६, चितवन, ना.प्र.नं : ३५२०९७/०३५ |
| २२. | ऋणीको नाम : मिना क्षेत्री, पिता/पतिको नाम : कृष्ण बहादुर क्षेत्री, बाजे/ससुराको नाम : राम बहादुर घर्ती क्षेत्री, स्थायी ठेगाना : पटिहानी-४, चितवन, ना.प्र.नं : ३५३०२३/४९५, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : नारायण थापा मगर, पिता/पतिको नाम : धन बहादुर थापा मगर, बाजे/ससुराको नाम : टोप बहादुर थापा मगर, स्थायी ठेगाना : पटिहानी-४, चितवन, ना.प्र.नं : ५८५२/०६० |
| २३. | ऋणीको नाम : भीमा गरूङ्, पिता/पतिको नाम : जय बहादुर गरूङ्, बाजे/ससुराको नाम : शेर बहादुर गरूङ्, स्थायी ठेगाना : पटिहानी-३, चितवन, ना.प्र.नं : २४११, कर्जाको शीर्षक : साधारण |
| २४. | ऋणीको नाम : लक्ष्मी कुँवर, पिता/पतिको नाम : ज्ञानेन्द्र बहादुर कुँवर, बाजे/ससुराको नाम : गोबिन्द बहादुर कुँवर, स्थायी ठेगाना : भानु-७, तनहुँ, ना.प्र.नं : ४३-०१-७१-०६५८१, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : सुबास कुँवर, पिता/पतिको नाम : ज्ञानेन्द्र बहादुर कुँवर, बाजे/ससुराको नाम : गोबिन्द बहादुर कुँवर, स्थायी ठेगाना : भानु-२, तनहुँ, ना.प्र.नं : ४३-०१-७६-०५५८४ |
| २५. | ऋणीको नाम : शर्मिला महतो, पिता/पतिको नाम : सन्जित महतो, बाजे/ससुराको नाम : सिताराम महतो, स्थायी ठेगाना : पटिहानी-४, चितवन, ना.प्र.नं : ३५१०३२/१३९०, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : बिकाश थापा मगर, पिता/पतिको नाम : धन बहादुर थापा मगर, बाजे/ससुराको नाम : टोप बहादुर थापा मगर, स्थायी ठेगाना : पटिहानी-४, चितवन, ना.प्र.नं : ३५३०२३/५०५ |
| २६. | ऋणीको नाम : रीता महतो, पिता/पतिको नाम : बुद्दिराम महतो, बाजे/ससुराको नाम : लस्करी महतो, स्थायी ठेगाना : पटिहानी-१, चितवन, ना.प्र.नं : ३५३०२३/७५८, कर्जाको शीर्षक : साधारण, धनजमानीको नाम : बुद्दिराम महतो, पिता/पतिको नाम : लस्करी महतो, बाजे/ससुराको नाम : सुखल महतो, स्थायी ठेगाना : पटिहानी-१, चितवन, ना.प्र.नं : ८६/०४४ |
| २७. | ऋणीको नाम : शारदा आचार्य, पिता/पतिको नाम : गंगाधर आचार्य, बाजे/ससुराको नाम : शोभाखर आचार्य, स्थायी ठेगाना : पटिहानी-४, चितवन, ना.प्र.नं : १७६/०३४/०३५, कर्जाको शीर्षक : साधारण |
| | **शाखा कार्यालय : सिमरा, बारा** |
| २८. | ऋणीको नाम : इन्द्रा कुमारी गिरी, पिता/पतिको नाम : दीपक चौरेल, बाजे/ससुराको नाम : रत्न प्रसाद चौरेल, स्थायी ठेगाना : रामकोट-८, बारा, ना.प्र.नं : १९७१६, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : दिपक चौरेल, पिता/पतिको नाम : रत्न प्रसाद चौरेल, स्थायी ठेगाना : पिप्रा सिमरा-७, बारा, ना.प्र.नं : ३३२०८१/२४२७५ |
| २९. | ऋणीको नाम : शोभा लामा, पिता/पतिको नाम : भिम बहादुर घले, बाजे/ससुराको नाम : शेर बहादुर घले, स्थायी ठेगाना : पिप्रा सिमरा-९, बारा, ना.प्र.नं : ३३३०८१/८५१, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : लाक्पा ग्याबु सेर्पा, पिता/पतिको नाम : फुपु तेम्बा सेर्पा, स्थायी ठेगाना : फुङ्गलिङ्ग-६, ताप्लेजुङ्ग, ना.प्र.नं : २०७३७/५०३७ |
| ३०. | ऋणीको नाम : हुसन तारा देवानी, पिता/पतिको नाम : अनसारूल देवान, बाजे/ससुराको नाम : रहमान देवान, स्थायी ठेगाना : बिरगंज-३, पर्सा, ना.प्र.नं : ४६६, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : तारा खातुन, पिता/पतिको नाम : एकरामुल देवान, बाजे/ससुराको नाम : अनसारूल देवान, स्थायी ठेगाना : चोर्नी-८, पर्सा, ना.प्र.नं : ३४-०१-७३-०३९५२ |
| ३१. | ऋणीको नाम : सिता देवी श्रेष्ठ, पिता/पतिको नाम : कृष्ण बहादुर श्रेष्ठ, स्थायी ठेगाना : पि.सिमरा-१, बारा, ना.प्र.नं : ५०८/८७९, कर्जाको शीर्षक : साधारण |
| ३२. | ऋणीको नाम : नेजबुम खातुन, पिता/पतिको नाम : कमल मिया, बाजे/ससुराको नाम : बाबुजान मिया, स्थायी ठेगाना : जितपुर-सिमरा-७, बारा, ना.प्र.नं : ३३-०२-७३-०००४७, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : कमल मिया, पिता/पतिको नाम : बाबुजान मिया, स्थायी ठेगाना : गढीमाई-७, बारा, ना.प्र.नं : ३३२१०१/४६७१५ |
| ३३. | ऋणीको नाम : शोभा कुमारी दास, पिता/पतिको नाम : दिपेश कुमार बनिया, बाजे/ससुराको नाम : अशोक दास बनिया, स्थायी ठेगाना : विरगंज-१८, पर्सा, ना.प्र.नं ३४-०१-७५-०४२९५, कर्जाको शीर्षक : साधारण<br>एकलजमानी कर्ताको नाम : चुनचुन श्रीवास्तव, पिता/पतिको नाम : सुरेन्द्र श्रीवास्तव, बाजे/ससुराको नाम : नगेन्द्र श्रीवास्तव, स्थायी ठेगाना : पिप्रा सिमरा-४, बारा, ना.प्र.नं : ३३१०८१/ १४०० |

| क्र.सं | ऋणी तथा एकल/धनजमानीकर्ताहरूको नाम, थर, ठेगाना तथा नागरिकता प्रमाणपत्र नं. विवरण |
|---|---|
| ३४. | ऋणीको नाम : रिता श्रेष्ठ, पिता/पतिको नाम : शंकर श्रेष्ठ, बाजे/ससुराको नाम : चिन बहादुर श्रेष्ठ, स्थायी ठेगाना : जितपुरसिमरा-२, बारा, ना.प्र.नं : ३३२१०१/४३०४१, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : शंकर श्रेष्ठ, पिता/पतिको नाम : चिन बहादुर श्रेष्ठ, बाजे/ससुराको नाम : ईन्द्र बहादुर श्रेष्ठ, स्थायी ठेगाना : सिमरा-३, बारा, ना.प्र.नं : १०९९६ |
| ३५. | ऋणीको नाम : ससिता श्रेष्ठ, पिता/पतिको नाम : होम बहादुर श्रेष्ठ, बाजे/ससुराको नाम : हिरा बहादुर श्रेष्ठ, स्थायी ठेगाना : पिप्रा सिमरा-३, बारा, ना.प्र.नं : ३३२०८१/३४६२७, कर्जाको शीर्षक : साधारण<br>एकलजमानीको नाम : हिरा बहादुर श्रेष्ठ, पिता/पतिको नाम : होम बहादुर श्रेष्ठ, स्थायी ठेगाना : जितपुरसिमरा-३, बारा, ना.प्र.नं : ३३-०२-७७-०२३४३ |
| ३६. | ऋणीको नाम : बर्षा राई घलान, पिता/पतिको नाम : शुक बहादुर घलान, बाजे/ससुराको नाम : लाल बहादुर घलान, स्थायी ठेगाना : गढीमाई-२, बारा, ना.प्र.नं : ३३२१०१/४१९५७, कर्जाको शीर्षक : साधारण, एकलजमानीको नाम : राधिका कुमारी श्रेष्ठ, पिता/पतिको नाम : जिवन कुमार श्रेष्ठ, बाजे/ससुराको नाम : टेक बहादुर श्रेष्ठ, स्थायी ठेगाना : निजगढ-९, बारा, ना.प्र.नं : ७४०/७०३०/८४४६ |
| ३७. | ऋणीको नाम : प्रेम माया थिङ्ग, पिता/पतिको नाम : बीर बहादुर थोकर, बाजे/ससुराको नाम : काल बहादुर थोकर, स्थायी ठेगाना : सुवर्णपुर-२, पर्सा, ना.प्र.नं : ९०३४६२१२, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : श्रीमती पदम कुमारी हमाल, पिता/पतिको नाम : राम बहादुर हमाल, बाजे/ससुराको नाम : रूद्र बहादुर हमाल, स्थायी ठेगाना : दमेक-६, बागलुङ्ग, ना.प्र.नं : ११८०३५४१ |
| ३८. | ऋणीको नाम : रिता देवी, पिता/पतिको नाम : सिकन्दर हजरा, बाजे/ससुराको नाम : स्व.परशुराम हजरा दुसाध, स्थायी ठेगाना : चोर्नी-८, पर्सा, ना.प्र.नं : ३४-०१-७२-०७१०२, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : सिकन्दर हजरा, पिता/पतिको नाम : स्व.परशुराम हजरा दुसाध, स्थायी ठेगाना : चोर्नी-८, पर्सा, ना.प्र.नं : ३४३०२५/२६ |
| ३९. | ऋणीको नाम : जानकी देवी दुसादीन, पिता/पतिको नाम : बासदेव हजरा, बाजे/ससुराको नाम : बिगा हजरा, स्थायी ठेगाना : चोर्नी-८, पर्सा, ना.प्र.नं : ३४३०२५/४०१, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : बासदेव हजरा देसाद, पिता/पतिको नाम : बिगा हजरा, स्थायी ठेगाना : चोर्नी-८, पर्सा, ना.प्र.नं : १६४९/०८२७ |
| ४०. | ऋणीको नाम : कमला श्रेष्ठ, पिता/पतिको नाम : राम साईला श्रेष्ठ, बाजे/ससुराको नाम : सुकुमान डंगोल, स्थायी ठेगाना : पोखरा-१५, कास्की, ना.प्र.नं : ९२, कर्जाको शीर्षक : साधारण, एकलजमानीको नाम : रामसाईला डंगोल, पिता/पतिको नाम : सुकुमान डंगोल, बाजे/ससुराको नाम : भिम बहादुर श्रेष्ठ, स्थायी ठेगाना : सरमथली-१, रसुवा, ना.प्र.नं : ९७० |
| ४१. | ऋणीको नाम : मिना कुमारी देवी, पिता/पतिको नाम : दिपेन्द्र पासवान, बाजे/ससुराको नाम : परशुराम हजरा दुसाद, स्थायी ठेगाना : चोर्नी-८, पर्सा, ना.प्र.नं : ३४-०१-७०-०८२५७, एकलजमानीको नाम : दिपेन्द्र पासवान, पिता/पतिको नाम : परशुराम हजरा दुसाद, स्थायी ठेगाना : चोर्नी-८, पर्सा, ना.प्र.नं : ३४१०२५/७५७ |
| ४२. | ऋणीको नाम : रोशनी खातुन, पिता/पतिको नाम : मो. सलिम, बाजे/ससुराको नाम : दोमी मिया, स्थायी ठेगाना : राजविराज-९, सप्तरी<br>ना.प्र.नं : १६-०१-७५-०४४२९, कर्जाको शीर्षक : साधारण |
| | **शाखा कार्यालय : सुवर्णपुर, पर्सा** |
| ४३. | ऋणीको नाम : सोशीला देवी थरूनी, पिता/पतिको नाम : हरी किसुन महतो थारू, बाजे/ससुराको नाम : जितमन महतो थारू, स्थायी ठेगाना : जितपुर-५, पर्सा, ना.प्र.नं : ३४३०७१/९७, कर्जाको शीर्षक : साधारण, एकलजमानीको नाम : हरी किसुन महतो थारू, पिता/पतिको नाम : जितमन महतो थारू, बाजे/ससुराको नाम : साहुर महतो थारू, स्थायी ठेगाना : जितपुर-५, पर्सा, ना.प्र.नं : ४१५६१५०२ |
| ४४. | ऋणीको नाम : कोशिलीया देवी महरा, पिता/पतिको नाम : रामलाल महरा चमार, बाजे/ससुराको नाम : चौधुर महरा चमार, स्थायी ठेगाना : बिश्रामपुर-४, पर्सा, ना.प्र.नं : १६५५२४१४, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : रामलाल महरा चमार, पिता/पतिको नाम : चौधुर महरा चमार, स्थायी ठेगाना : बिश्रामपुर-४, पर्सा, ना.प्र.नं : १६५५२६२८ |
| ४५. | ऋणीको नामःमुनी देवी, पिता/पतिको नामः विरा महरा, बाजे/ससुराको नाम :डोमा महरा, स्थायी ठेगाना : शंकर सरैया-१, पर्सा, विवाह दर्ता नं. : १०, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : विरा महरा, पिता/पतिको नाम : डोमा महरा, बाजे/ससुराको नाम : नथुनी महरा, स्थायी ठेगाना : शंकर सरैया-१, पर्सा, ना.प्र.नं : ३४३०७२/५२ |
| ४६. | ऋणीको नाम : प्रमशिला देवी थरूनी, पिता/पतिको नाम : बागड महतो थारू, बाजे/ससुराको नाम : सितल महतो थारू, स्थायी ठेगाना : सुपौली-१, पर्सा, ना.प्र.नं : ३४३०७९/३६०, कर्जाको शीर्षक : आकस्मीक |
| ४७. | ऋणीको नाम : चम्पा देवी, पिता/ पतिको नाम : बिशुनदत पटवारी, बाजे/ससुराको नाम : रोशन पटवारी, स्थायी ठेगाना : महादेवपट्टी-४, पर्सा, ना.प्र.नं : ३४१०४९/४३८, कर्जाको शीर्षक : आकस्मीक, एकलजमानीको नाम : बिशुनदत्त पटवारी, पिता/पतिको नाम : रोशन पटवारी, बाजे/ससुराको नाम : रामपत पटवारी, स्थायी ठेगाना : महादेवपट्टी-४, पर्सा, ना.प्र.नं : ३४१०४९/३८० |
| ४८. | ऋणीको नाम : बिना देवी, पिता/पतिको नाम : नरेश दिसवा थारू, बाजे/ससुराको नाम : सौदा दिसवा थारू, स्थायी ठेगाना : माहादेवपटी-५, पर्सा, विवाह दर्ता नं. : १०००५२, कर्जाको शीर्षक : आकस्मीक |
| ४९. | ऋणीको नाम : चेली माया घिसिङ्ग, पिता/पतिको नाम : फुर्वा धोर्जे घिसिङ्ग, बाजे/ससुराको नाम : लाल बहादुर घिसिङ्ग, स्थायी ठेगाना : सुवर्णपुर-४, पर्सा, ना.प्र.नं : ३४३०७७/२, कर्जाको शीर्षक : साधारण, एकलजमानीको नाम : संगम घिसिङ्ग, पिता/पतिको नाम : फुर्वा धोर्जे घिसिङ्ग, बाजे/ससुराको नाम : लाल बहादुर घिसिङ्ग, स्थायी ठेगाना : सुवर्णपुर-४, पर्सा, ना.प्र.नं : ३४३०७७/५ |
| ५०. | ऋणीको नाम : जायदा खातुन, पिता/पतिको नाम : गफुर राय भाट, बाजे/ससुराको नाम : सहदेव राय भाट, स्थायी ठेगाना : पिडारीगुठी-७, पर्सा, ना.प्र.नं : ३४३०६१/८, कर्जाको शीर्षक : आकस्मीक<br>एकलजमानीको नाम : गफुर राय भाट, पिता/ पतिको नाम : सहदेव राय भाट, स्थायी ठेगाना : पिडारीगुठी-७, पर्सा, ना.प्र.नं : ३४३०६१/२४ |

*बाँकी पृष्ठ ४ मा*

# शतप्रतिशत जित निकाल्दै साविक विजेता डाँफे अगाडि बढ्दै

♦ प्रदेश दैनिक

मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगितामा साविक विजेता न्यू डाँफे क्लवले यस वर्ष पनि उत्कृष्ट खेल प्रश्तुत गरिरहेको छ ।

४ वटा खेल खेलेको डाँफेले सत्प्रतिशत जितसहित १२ अंक जोडेको छ । समूह ख मा रहेको डाँफेसहित गोर्खाब्वाइजले पनि ४ वटै खेल जितिसकेको छ । तिरन्तर जित निकाल्ने क्रममा डाँफेले मंगलबार पिप्ले युवा क्लवलाई ३-२ गोलले हराएको छ । डाँफेका लागि सुसान्त तामाङ, किसन थापा मगर र राजिव डिम्डुङले गोल गरेका हुन् । पहिलो हाफमै २ गोलले पछि परेको पिप्लेले दोस्रो हाफमा सुधारिएको खेल प्रश्तुत गर्दै खेललाई बराबरीमा ल्याएको थियो । दोस्रो हाफको सुरुवातमै प्रविण श्रेष्ठ र सम्पूर्ण नगर कोटीले पिप्लेका लागि गोल गरेका थिए । ७० औं मिनेटमा डाँफेका लागि राजिव डिम्डुङले निर्णायक गोल गरेका हुन् ।



खेलको म्यान अफ द म्याच डाँफेका किसन थापा मगर घोषित भए । १८ गोल गरेको डाँफेले हालसम्म ३ गोल मात्र व्यहोरेको छ । उद्घाटन खेलमा महाबीर क्लवसँग ७-० जित निकाल्दै आक्रमक सुरुवात गरेको डाँफेले दास्रो खेलमा हटौंडा फुटबल एकेडेमीलाई ३-० ले र तेस्रो खेलमा इन्टरनेट सिटीलाई ५-१ ले हराएको थियो । मंगलबारै भएको खेलमा एफसी मल्टिभिजनले हटिया स्पोर्टस् एकेडेमीलाई ४-० ले हराएको छ । मल्टिभिजनले पनि निरन्तर तीन खेलमा जित निकाल्दै ९ अंक जोडिसकेको छ । मल्टिभिजनले पहिलो हाफमा २ र दोस्रो हाफमा २ गोल गरेको हो । मल्टिभिजनका लागि जेनिस थपलियाले ह्याट्रिक गर्दा सुमन लो लामाले एक गोल गरेका हुन् ।

यता सिमलटार खेल मैदानमा भएको खेलमा न्यू कम्बाइन क्लव र एफसी नामटार विजयी भएको छ । कम्बाइनले सानोपोखरा क्लवलाई १-० ले हराएको हो । कम्बाइनका निशान न्यासुरले गरेको गोल नै निर्णायक बन्यो । खेलको म्यान अफ द म्याच कम्बाइनका सुरज थिङ घोषित भए । अर्को खेलमा एफसी नामटारले हेटौंडाको ७ नम्बर फुटबल टिमलाई १-० ले हराएको हो । नामटारका लागि सविन गोलेले निर्णायक गोल गरे ।

गोले नै खेलको म्यान अफ द म्याच घोषित भएका छन् । जारी प्रतियोगितामा बुधबार पनि ४ खेल हुनेछ ।

जिल्ला लिगको विजेताले एकलाख र उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछ । लिगमा सहभागी २८ क्लवलाई ४ समूहमा विभाजन गरी अहिले लिग चरणको खेल सञ्चालन गरिरहेको छ ।


| क्र.सं. | ऋणी तथा एकल/धनजमानीकर्ताहरूको नाम, थर, ठेगाना तथा नागरिकता प्रमाणपत्र नं. विवरण |
|---|---|
| ५१. | ऋणीको नाम : भागमनी देवी थरूनी, पिता/पतिको नाम : रामनारायण कुवर थारू, बाजे/ससुराको नाम : अमर देव कुवर थारू, स्थायी ठेगाना : गादी-८, पर्सा, ना.प्र.नं : ३४१०२९/२४४, कर्जाको शीर्षक : साधारण एकलजमानीको नाम : राम नारायण कुवर थारू, पिता/पतिको नाम : अमर देव कुवर थारू, स्थायी ठेगाना : सा.देहा.गादी-८, पर्सा, ना.प्र.नं : २४७६१३८५ |
| ५२. | ऋणीको नाम : सरधा देवी, पिता/पतिको नाम : छठु ओझैया, बाजे/ससुराको नाम : परमेश्वर ओझैया, स्थायी ठेगाना : सेढवा-१, पर्सा, ना.प्र.नं : ३४१०७१/२९५, कर्जाको शीर्षक : साधारण, एकलजमानीको नाम : छठु ओझैया, पिता/पतिको नाम : परमेश्वर ओझैया, स्थायी ठेगाना : सेढवा-१, पर्सा, ना.प्र.नं : ३४३०७१/२१ |
| ५३. | ऋणीको नाम : सरोज देवी, पिता/पतिको नाम : रंजीत मुखिया विन, बाजे/ससुराको नाम : किसुन देव मुखिया, स्थायी ठेगाना : जिराभवानी-३, पर्सा, ना.प्र.नं : ३४-०१-७५-०१८३१, कर्जाको शीर्षक : साधारण, एकलजमानीको नाम : रंजीत मुखिया विन, पिता/पतिको नाम : किसुन देव मुखिया, स्थायी ठेगाना : जीतपुर-१, पर्सा, ना.प्र.नं : ३४-०१-७०-१३६१३ |
| ५४. | ऋणीको नाम : शान्ति देवी थरूनी, पिता/पतिको नाम : दवारिका राय थारू, बाजे/ससुराको नाम : राजाराम राय थारू, स्थायी ठेगाना : महादेवपट्टी-६, पर्सा, ना.प्र.नं : ३४१०४९/६००, कर्जाको शीर्षक : साधारण/आकस्मीक |
| | शाखा कार्यालय : चन्द्रपुर, रौतहट |
| ५५. | ऋणीको नाम : जमिला खातुन, पिता/पतिको नाम : सबुब मंसुर, बाजे/ससुराको नाम : जीर महमद, स्थायी ठेगाना : बसबिटी जिंगडीया-९, पर्सा, ना.प्र.नं : ३२३०८५/११७, कर्जाको शीर्षक : साधारण |
| ५६. | ऋणीको नाम : सफातुन खातुन, पिता/पतिको नाम : मेराजुल देवान, बाजे/ससुराको नाम : अली देवान, स्थायी ठेगाना : प्र.पल्टुवा-९, रौतहट, ना.प्र.नं : ३२२०६१/४८५२, कर्जाको शीर्षक : साधारण |
| ५७. | ऋणीको नाम : हस्मा तारा खातुन, पिता/पतिको नाम : सेख खुसफैल, बाजे/ससुराको नाम : शेख नथुनी, स्थायी ठेगाना : बसबिटी जिंगडीया-९, रौतहट, ना.प्र.नं : १८४३, कर्जाको शीर्षक : साधारण/आकस्मिक |
| ५८. | ऋणीको नाम : हसिना खातुन, पिता/पतिको नाम : नुर महमद मिया धुनीया, बाजे/ससुराको नाम : सबदीन मिया, स्थायी ठेगाना : ब. जिंगडीया-९, रौतहट, ना.प्र.नं : ३२३०८५/१७, कर्जाको शीर्षक : साधारण |
| ५९. | ऋणीको नाम : यास्मिन तबसुम, पिता/पतिको नाम : समसाद मन्सुर, बाजे/ससुराको नाम : पिर महम्द, स्थायी ठेगाना : गरूडा-८, रौतहट, ना.प्र.नं : ३२-०१-७४-०१२२७, कर्जाको शीर्षक : साधारण |
| ६०. | ऋणीको नाम : सुसीला देबी, पिता/पतिको नाम : महेश राम, बाजे/ससुराको नाम : भिखर महरा चमार, स्थायी ठेगाना : सन्तपुर(म)-६, रौतहट, ना.प्र.नं : ३२३०८१/६३७, कर्जाको शीर्षक : साधारण |

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैकवाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय : बनेपा-१३, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,
इमेल ठेगाना : ashamicrofinance@gmail.com/
info@ashamicrofinance.com.np

057-590514
benkatesharts@gmail.com
वेङ्कटेश आर्टस्
हेटौंडा-२, कांग्रेस चोक
हाम्रा सेवाहरू:-
फ्लेक्स प्रिन्ट
फोटोकपी
डिजिटल छाप
परिचय-पत्र
लेमिनेसन
कलर प्रिन्ट
भिजिटिङ कार्ड
विवाह कार्ड
प्रमाण-पत्र
फोटो-फ्रेमिङ
BIJAYA PAUDEL 9855089866
SAROJ CHAULAGAI 9845455423


# प्रदेश सरकारले आवश्यक कानुन निर्माण गरिसकेको छ : मुख्यमन्त्री लामा

♦ प्रदेश दैनिक

हेटौंडा/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले प्रदेश सरकारले आवश्यक कानुन निर्माण गरिसकेको दावी गरेका छन् ।

मंगलबार हेटौंडामा फेडरलिजम एण्ड लोकलाइजेसन सेन्टरको आयोजनामा भएको प्रदेश सरकार सञ्चालन अनुभव र संघीयता कार्यान्वनयको आरोह अबरोह अन्तर्क्रियालाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले यस्तो बताएका हुन् ।



'अहिले हामीले ऐन कानुन ८० वटा बनाइसकको छौं ।', उनले प्रदेश, संघ र स्थानीय तहवीचको द्वन्द्व व्यवस्था गर्नु अहिलेको मुख्य चुनौती रहेको औंल्याए । 'तीन तहको सरकारवीच समन्वय गर्न आवश्यक कानुन निर्माण गर्न जरुरी छ । अन्यता विकास निर्माणको काम गर्न नसकेको खण्डमा आम जनतामा निराशा पैदा हुनेछ ।', उनले भने ।

उनले प्रदेश मातहतमा प्रहरी प्रशासन सञ्चालनको जिम्मेवारी नआउँदा समस्या भएको बताएका छन् । पुलिस प्रशासन विनाको सरकारको अर्थ नभएको बताएका हुन् । 'सरकार छ । तर, पुलिस प्रशासन छैन भने त्यसको अर्थ हुँदैन ।', उनले भने । लामो समयदेखि संघ र प्रदेश सरकारवीच प्रहरी समायोजन र निजामती कर्मचारी ऐनको विषयलाई लिएर समस्या सिर्जना भइरहेको छ । बागमती प्रदेशले प्रहरी समायोजनलाई ध्यानमा राखेर प्रहरी भवन र प्रहरी ऐन समेत निर्माण गरिसकेको छ । तर, प्रहरी समायोजनको विषय नटुंगिँदा समस्याहुँदै आइरहेको छ । उनले संघीयता कार्यान्वनयको अवस्थाको विषयमा समेत सहभागीहरुलाई जानकारी गराएका थिए । 'हामी संघीयता कार्यान्वनयको अभ्यासको क्रममा छौं । धेरै चुनौती र समस्या रहेका छन् । हामीले सातवर्ष सरकार चलाइसकेका छौं । संघीयताको महत्व कायम राख्न पनि एकल र साझा अधिकार सूचीमा समावेश भएका विषयहरु टुंग्याउन जरुरी छ ।', उनले भने ।

मुख्यमन्त्री लामाले संघीयता लागू भएसँगै केही परिवर्तन भएको तर, जनताले चाहे जस्तो परिवर्तन भने नभएको दावी गरे । 'जनताको आकांक्ष र इच्छा धेरै छ । त्यसको व्यवस्थापन गर्न अहिलकै साधन र स्रोतबाट गाह्रो छ ।', उनले प्रदेश सरकारले संविधानमा भने अनुसार एकल अधिकार सूचीका विषय पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको दावी गरे ।

कार्यक्रममा पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्ले, आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछाने र संघीयताविज्ञ खीमलाल देवकोटालगायतले प्रदेश सरकारको अवस्थाको विषयमा आआफ्नो धारणा राखेका थिए ।

# सर्वोच्चमा पुग्यो हेटौंडा अस्पतालको विवाद

♦ प्रदेश दैनिक

हेटौंडा/ हेटौंडा अस्पताल मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमातहत राख्ने कि नराख्ने राजनीतिक दलहरूबीच विवाद चलिरहकै अवस्थामा स्वामित्वको विषयलाई लिएर सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ ।

अधिवक्ता केशवप्रसाद गौतमले संघीय सरकारसहित १० निकायलाई प्रतिवादी बनाएर अस्पतालको स्वामित्वको विषयमा रिट निवेदन दर्ता गरेका हुन् । अधिवक्ता गौतमले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको र जिस्ट्रारविरुद्ध दर्ता गरेको उक्त रिटमा प्रतिष्ठानका निर्देशकलाई प्रत्यर्थी बनाइएको छ । उक्त रिट निवेदन उपर प्रारम्भिक सुनुवाइका लागि सर्वोच्चले भदौ २६ का लागि पेसी तोकेको छ ।




रिट निवेदक गौतमले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं, स्वास्थ्य मन्त्रालय काठमाडाौं, बागमती प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा, प्रदेश स्वास्थ्य मन्त्रालय, प्रदेशसभा सचिवालय वाग्मती प्रदेश, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा, प्रतिष्ठानका व्यवस्थापन समितिको अध्यक्ष, हेटौंडा अस्पताल व्यवस्थापन तथा सञ्चालक समितिलाई विपक्षी बनाएका छन् ।

सरकारी सम्पत्तिलाई कुनै अमुक संस्थालाई दिनेगरी कानुन बनाएको र हेटौंडा अस्पतालको चलअचल सम्पत्ति कब्जा गर्ने काम भएको रिट निवेदनमा उल्लेख छ । नेपालको संविधान २०७२ को धारा १३३ -२) -३) -४) अन्तर्गत उत्प्रेषणयुक्त, परमादेश माग गर्दै अधिवक्ता गौतमले संविधान तथा संघीय कानुनसँग बाझिएको प्रदेशको कानुन बदर गर्न माग गरेका छन् ।

# सरकारले खुलायो रोकिएको जग्गा कित्ताकाट

हेटौंडा/ जग्गा वर्गीकरण नहुँदा रोकिएको कित्ताकाट सरकारले फेरि खुलाएको छ । सरकारले भू-उपयोग नियमावली, २०८० संसोधन गर्दै जग्गा वर्गीकरणका लागि आगामी असारसम्म समय थप गर्दै कित्ताकाट खुलाएको हो ।

देशभरका ७५३ पालिकामध्ये १३३ पालिकाले मात्रै हालसम्म पूर्ण जग्गा वर्गीकरण गरेको नापी विभागले जनाएको छ । पालिकाहरूले जग्गा वर्गीकरण नगर्दा भदौयता ६२० पालिकामा कित्ताकाट रोकिएको थियो । सरकारले जग्गा वर्गीकरणका लागि समय थप गर्दै कित्ताकाट खुलाएको हो ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले जग्गा वर्गीकरणका लागि आगामी असारमसान्तसम्मको समय थप गर्दै कित्ताकाट खोल्ने निर्णय गरेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले बताए । 'जग्गा वर्गीकरणका लागि आगामी असार मसान्तसम्मका लागि समय थपिएको छ,' उनले भने, 'अब देशभर कित्ताकाट खुल्यो ।'

पालिकाहरूले आगामी असारसम्म जग्गा वर्गीकरण गरेनन् भने फेरि कित्ताकाट रोकिने समेत उनको भनाइ छ । विभागका अनुसार २९५ पालिकाले अहिलेसम्म जग्गा वर्गीकरण नै सुरू गरेका छैनन् । वर्गीकरण नै नगरेका र आंशिक गरेका सबै पालिकामा भदौयता कित्ताकाट रोकिएको थियो ।

भू-उपयोग ऐन, २०७६ आएको ३ वर्षपछि सरकारले २०७९ जेठ २३ मा भू-उपयोग नियमावली जारी गरेको थियो । नियमावलीअनुसार पालिकाले कृषि र गैर कृषि छुट्याइसकेपछि मात्र कित्ताकाट गर्न पाइन्थ्यो । सरकारको यो नीतिका कारण सोही वर्षको साउनदेखि कित्ताकाटसँगै समग्र घरजग्गा कारोबार घट्न थालेको थियो । पालिकाले कृषि र गैरकृषि छुट्याउन ढिलाइ गरेपछि २०७९ मंसिरदेखि कित्ताकाट ठप्प भएको थियो ।

# खोलाले बगाएर बेपत्ता भएका अक्कले माझी मृत फेला

हेटौंडा/ खोलाले बगाएर बेपत्ता भएका अक्कले माझी मृत फेला परेका छन् । माझीको शव सोमबार अपरान्ह बाराको कोल्हवी नगरपालिका-२ स्थित बकैया खोलाको बगरमा मृत अवस्थामा फेला परेको मकवानपुर प्रहरीले जनाएको छ । घटनास्थलमा इलाका प्रहरी कार्यालय निजगढ बाराबाट टोली खटी गई कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागी प्रादेशिक अस्पताल कलैया पठाइएको थियो ।

उक्त शव रौतहटको चन्द्रपुर नगरपालिका-२ जुडिबेला टोल बस्ने अन्दाजी वर्ष-४२ का अक्कले माझीको रहेको भनी मृतकका बाबु भिमार माझीले सनाखत गरी बुझिलगेको इलाका प्रहरी कार्यालय कोहल्वीलाई उद्धृत गरी जिल्ला मकवानपुर प्रहरी कार्यालयले जानकारी दिएको छ ।

माझीलाई गत शुक्रबार बकैया गाउँपालिका-६ जुइनास्थित ससुराली जाने क्रममा बकैया खोलाले बगाएको थियो ।

❒प्रकाशक/सम्पादक: गणेशदर्पण अधिकारी ❒कार्यालय: हेटौंडा-२, पल्पसारोड, ❒फोन नं.:०५७-५२४०११, ❒ईमेल:pradeshdaily@gmail.com ❒मुद्रण: बेङ्कटेश छापाखाना